"मुसिकोट नगरको समृद्धिका आधारः सामाजिक विकास र न्यायसँगै कृषि,उद्योग,पर्यटन र पूर्वाधार"

# मुसिकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

वामीटक्सार, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

च.नं.: सूचना (५१)
प.सं.:२०८०/८१

प्रथम पटक प्रकाशित मितिः२०८१ /०२ /०१ गते

**प्रस्ताव आह्वानको सूचना।**

मुसिकोट नगरपालिकाको चालु आ.व. २०८०/८१ को वार्षिक स्वीकृत **"पख्नोस् तपाईको लागी हामी केही गर्दैछौं"** कार्यक्रम संचालनका निम्ति मितिः२०८१/०१/३० गते बसेको नगरकार्यपालिकाको बैठकको निर्णय अनुरुप यस कार्यक्रममा समावेश हुन नगरपालिकामा दर्ता भएका तपशिल बमजिमका व्यवसायी कृषि उद्योग वा अन्य उद्यमशील व्यवसाय संचालन गरेका व्यवसायीहरुले आवश्यक कागजात सहित सूचना प्रकाशित भएको मितिले १५ दिन ( मिति २०८१/०२/ १५ गते ) भित्र सम्बन्धित वडा कार्यालयमा वा नगरकार्यपालिकाको कार्यालय (आर्थिक बिकास शाखा )मा निर्धारित ढाँचाको आवेदन भरी निवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ।

**तपशिलः**

१. दुध उत्पादन हुने गाई वा भैसी ५ वटा वा सो भन्दा बढि संख्यामा विगत ६ महिनादेखि पाल्दै आएको हुनुपर्ने,

२. १ हल वा सो भन्दा बढि संख्यामा विगत ६ महिनादेखि गोरु पाल्दै आएको हुनुपर्ने,

३. मासु उत्पादन गर्न सकिने खसी /बोका/ बाख्रा ५० वटा वा सो भन्दा बढि संख्यामा विगत ६ महिना देखि पाल्दै आएको हुनुपर्ने,

४. कम्तिमा २ रोपनी क्षेत्रफलमा तरकारी वा फलफूल खेति गरि उत्पादन गर्दै आएको हुनुपर्ने,

साथै माथि उल्लेखित वाहेकका जस्तै (माछापालन ,कुखुरापालन ,मौरीपालन इत्यादि कृषि उत्पादन कार्य) र कृषि वा पशुपालनमा आधारित अन्य उद्यमशील व्यवसाय गर्दै आइरहेका व्यवसायीहरुको हकमा आर्थिक विकास समितिले तोकेको मापदण्ड बमोजिम हुनेछ।

**आवेदनका साथ अनिवार्य संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु :**

१. प्रस्तावकको निवेदन
२. नागरीकताको प्रमाणपत्रको प्रतिलिपि
३. सम्बन्धित निकायमा दर्ता तथा नविकरण प्रमाण-पत्रको प्रतिलिपि
४. स्थायी लेखा नम्बर र करचुक्ता प्रमाण-पत्रको प्रतिलिपि
५. जग्गाको लालपुर्जाको प्रतिलिपि वा भाडा सम्झौता वा मन्जुरिनामाको प्रतिलिपि
६. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र / कृषि तथा पशु विकास शाखाको सिफारिस

...........................
ढाल बहादुर जि. सी.
नि. प्रमुख प्रशासकीय अधिकृत

"मुसिकोट नगरको समृद्धिका आधारः सामाजिक विकास र न्यायसँगै कृषि,उद्योग,पर्यटन र पूर्वाधार"

# मुसिकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

वामीटक्सार, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

च.नं.: सूचना (५०)
प.सं.: २०८०/८१

प्रथम पटक प्रकाशित मितिः २०८१ /०२ /०१ गते

**प्रस्ताव आह्वानको सूचना।**

मुसिकोट नगरपालिकाको चालु आ.व. २०८०/८१ को वार्षिक स्वीकृत **"आफ्नै गाउँ फर्की आउँ अभियान"** कार्यक्रम संचालनका निम्ति मितिः २०८१/०१/३० गते बसेको नगरकार्यपालिकाको बैठकको निर्णय अनुरुप अन्यत्रबाट नगरपालिका क्षेत्रभित्र बसाइसराई गरि आएका र कम्तिमा ६ महिना अघिदेखि व्यवसायीक कृषि वा अन्य उद्यमशील व्यवसाय संचालन गरि बसेका व्यवसायीले आवश्यक कागजात सहित सूचना प्रकाशित भएको मितिले १५ दिन ( मिति २०८१/०२/ १५ गते ) भित्र सम्बन्धित वडा कार्यालय वा नगरकार्यपालिकाको कार्यालय (आर्थिक बिकास शाखा ) मा निर्धारित ढाँचाको आवेदन भरी निवेदन दिनुहुन सम्बन्धित सवैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ।

**आवेदनका साथ अनिवार्य संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु :**

१. प्रस्तावकको निवेदन
२. बसाइसरेको हकमा प्रमाणपत्रको प्रतिलिपि
३. नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
४. स्थायी लेखा नम्बर र करचुक्ता प्रमाण-पत्रको प्रतिलिपि
५. सम्बन्धित निकायमा दर्ता तथा नविकरण प्रमाण-पत्रको प्रतिलिपि
६. जग्गाको लालपुर्जाको प्रतिलिपि वा भाडा सम्झौता वा मन्जुरिनामाको प्रतिलिपि
७. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र / कृषि तथा पशु विकास शाखाको सिफारिस

.................................
ढाल बहादुर जि. सी.
नि. प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख
प्रशासकीय अधिकृत

# मुसिकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

तम्घास/टिकमार, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

च.नं.: सुचना (५२)
प.सं.: २०८०/८१

मिति: २०८१/०२/०१ गते

**श्री सबै वडा कार्यालयहरु,**
मुसिकोट नगरपालिका, गुल्मी ।

**विषय: बर्खे फलफूल विरुवा माग सम्बन्धि सुचना ।**

प्रस्तुत विषयमा यस नगरपालिकाको चालु आ.व. २०८०/८१ को वार्षिक स्वीकृत " **वृक्षारोपण अभियान** " कार्यक्रम अन्तर्गत **७५ प्रतिशत** अनुदानमा तपशिल बमोजिमका बर्खे फलफूल विरुवाहरु वितरण गर्ने कार्यक्रम रहेकाले तहाँ वडाका इच्छुक कृषक, कृषक समुह, कृषि फर्म तथा सहकारी संस्थाबाट माग संकलन गरी १५ दिन ( मिति २०८१/०२/१५गते ) भित्र सिफारिस सहित कार्यालयमा पेश गर्नुहुन अनुरोध छ ।

**तपशिल :**

| क्र.सं. | विरुवाको किसिम/नाम | कैफियत |
|---|---|---|
| १. | बर्खे फलफूल विरुवा ( आँप, लिचि, सुन्तला, कागती ) | |

**आवश्यक कागजातहरु :**

१. विरुवा मागको निवेदन ।
२. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।
३. नागरीकताको प्रमाणपत्रको प्रतिलिपि ।

२०८१/०२/०१

ढाल बहादुर जि. सी.
नि. प्रमुख प्रशासकीय अधिकृत

☎079-412145, E-mail: musikotmpgulmi@gmail.com, Web-site: www.musikotmungulmi.gov.np